# विषय सूची

# CONTENTS


१. संगठन तालिका

२. संचालक समिति

३. कम्पनीका संस्थापक शेयरधनीहरु

४. कम्पनीका पदाधिकारीहरु

५. बाह्रौं वार्षिक साधारण सभा सम्वन्धी सूचना

६. प्रतिनिधि नियुक्त गर्ने फाराम र प्रवेश-पत्र

७. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने वार्षिक प्रतिवेदन

८. लेखा परीक्षकको प्रतिवेदन सहितको आय-ब्यय विवरण र वासलात

९. Chilime Hydropower Plant : An Overview of FY 2064/65

१०. Company's Share Market Status

११. Project Development

१२. Power Development of Nepal

१३. Power Development in Nepal (Private Sector)

१४. System Load Curve of Peak Day of the Year



केन्द्रिय कार्यालय

चिलिमे जलविद्युत कम्पनी लिमिटेड
ज्ञानेश्वर, काठमाण्डौं ।
पो.ब.नं.:२५२१०, फ्याक्स:४४४३०७७

फोन नं. ४४३०१६३, ४४३०२८७
ई.मेल. chpcl@wlink.com.np
वेब साईट: www.chilime.com.np

जलविद्युत केन्द्र

चिलिमे जलविद्युत केन्द्र
स्याफ्रुवेसी, रसुवा ।
फ्याक्स:०१० ५ ३४००१

फोन नं. ०१० ५ ३४०१०, ०१६२०२४६७
ई.मेल. chilimehydropower@gmail.com.np
वेब साईट: www.chilime.com.np

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड
# संचालक समिति



## श्री उत्तर कुमार श्रेष्ठ, अध्यक्ष

प्रतिनिधित्व - नेपाल विद्युत प्राधिकरण
कम्पनीमा २०५२/७/१४ देखि संचालक पदमा
२०६५/७/२७ देखि अध्यक्ष पदमा
योग्यता - सी.ए., भारत
एम.बी.ए., त्रि.वि.वि., नेपालमा
अनुभव - विगत २० वर्षदेखि ने.वि.प्रा.मा बित्तिय तथा ब्यवस्थापन क्षेत्रमा कार्यरत
संलग्नता - कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण



## श्री दीपक प्रसाद उपाध्याय, सदस्य

प्रतिनिधित्व - नेपाल विद्युत प्राधिकरण
कम्पनीमा २०६३/४/११ देखि हालसम्म संचालक
योग्यता - एम.एससी.
Power System Engineering, UK
वी.ई. इलेक्ट्रिकल इन्जिनियरिङ्ग, भारत
अनुभव - ईन्जिनियरिङ्ग तथा ब्यवस्थापन क्षेत्रमा ३१ वर्षको अनुभव
संलग्नता - महा प्रबन्धक, नेपाल विद्युत प्राधिकरण



## श्री युगल किशोर शाह, सदस्य

प्रतिनिधित्व - नेपाल विद्युत प्राधिकरण
कम्पनीमा २०६५/१०/१७ देखि हालसम्म संचालक
योग्यता - M.E. (Elect.)
अनुभव - ३० बर्षदेखि ने.वि.प्रा. मा कार्यरत
संलग्नता - महा-प्रवन्धक, नेपाल विद्युत प्राधिकरण



## श्री दिवाकर पौड्याल, सदस्य

प्रतिनिधित्व - नेपाल विद्युत प्राधिकरण
कम्पनीमा २०६५/१०/१७ देखि हालसम्म संचालक
योग्यता - एम.बी.ए.
अनुभव - ३३ बर्षदेखि ने.वि.प्रा. मा कार्यरत
संलग्नता - का.मु. उप-कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण



## श्री लिलानाथ भट्टराई, प्रवन्ध संचालक

प्रतिनिधित्व - नेपाल विद्युत प्राधिकरण
कम्पनीमा चिलिमे जलविद्युत आयोजना कार्यान्वयनको समयमा आयोजना प्रमुख
२०६५/१/१७ देखि हालसम्म प्रवन्ध संचालक
योग्यता - वी.ई. (सिभिल) अनर्स, रुड्की विश्व विधालय, भारत
एम.एससी. (जलश्रोत) विशिष्ट, त्रि.वि.वि., नेपाल
अनुभव - ईन्जिनियरिङ्ग तथा ब्यवस्थापन क्षेत्रमा २४ वर्षको अनुभव
संलग्नता - प्रबन्धक, नेपाल विद्युत प्राधिकरण



## श्री गोकर्ण प्रसाद शर्मा, सदस्य

प्रतिनिधित्व - समूह "ख" बाट संचालकमा निर्वाचित
कम्पनीमा २०५२/७/१४ देखि हालसम्म
योग्यता - एम.पी.ए. त्रि.वि.वि., नेपाल, एम.वी.ए.(ई.) के.यू. नेपाल
अनुभव - प्रशासनिक तथा ब्यवस्थापन क्षेत्रमा २० वर्षको अनुभव
संलग्नता - उप-निर्देशक, नेपाल विद्युत प्राधिकरण
संचालक, ज्याति विकास बैंक



## श्री कुमार प्रसाद ओझा, सदस्य

प्रतिनिधित्व - समूह "ख" बाट संचालकमा निर्वाचित
कम्पनीमा २०५२/७/१४ देखि हालसम्म
योग्यता - वि.ए., त्रि.वि.वि., नेपाल
अनुभव - ईन्जिनियरिङ्ग क्षेत्रमा ३० वर्षको अनुभव
संलग्नता - नेपाल भलिवल संघ, केन्द्रिय उपाध्यक्ष-१० वर्ष
ने.वि.प्रा. बोर्डको आमन्त्रीत सदस्य-२ वर्षदेखि
ने.वि.प्रा. आधिकारीक ट्रेड यूनियन, अध्यक्ष-तेश्रो कार्यकाल (एन.ई.ए.ईयू)
ईन्जिनियर, नेपाल विद्युत प्राधिकरण
विभिन्न संघ-संस्थाहरुमा सल्लाहकार, संचालक, संरक्षकमा आवद्ध



## श्री विदुर बहादुर ढुंगाना, कम्पनी सचिव

कार्यरत - कम्पनी सचिव/लेखा प्रमुख
योग्यता - एम.वि.ए., वि.एल. त्रि.वि.वि., नेपाल
अनुभव - २० वर्षदेखि नेपाल विद्युत प्राधिकरणमा कार्यरत
संलग्नता - सहायक निर्देशक, नेपाल विद्युत प्राधिकरण

# कम्पनीका पदाधिकारीहरू



श्री लिलानाथ भट्टराई
प्रवन्ध संचालक



श्री प्रकाश मान श्रेष्ठ
आयोजना प्रमुख
मध्य भोटेकोशी ज.बि.आ.



श्री हितेन्द्र देव शाक्य
आयोजना प्रमुख
सान्जेन (माथिल्लो) ज.बि.आ.



श्री मिलाप बहादुर पाण्डे
आयोजना प्रमुख
सान्जेन ज.बि.आ.



श्री माधव प्रसाद कोइराला
आयोजना प्रमुख
रसुवागढी ज.बि.आ.



श्री प्रहलाद चौधरी
केन्द्र प्रमुख
चिलिमे जलविद्युत केन्द्र



श्री विदुर बहादुर ढुंगाना
कम्पनी सचिव/लेखा प्रमुख



श्री केदार प्रसाद धिताल
प्रशासन प्रमुख



श्री मुरली प्रसाद शर्मा
कानूनी सल्लाहकार

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

## बाह्रौं वार्षिक साधारण सभा सम्वन्धी सूचना

श्री शेयरधनीज्यू,

संचालक समितिको मिति २०६५/११/२३ को निर्णय अनुसार यस कम्पनीको बाहौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयम् उपस्थित हुन वा रितपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनुहुन सवै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति : २०६५ साल चैत्र २७ गते विहिवार (अप्रिल ९, २००९)
समय : दिनको ३:०० बजे ।
स्थान : श्री प्रज्ञा प्रतिष्ठान भवन, कमलादी, काठमाण्डौ ।

साधारण सभाको विषय सूचिः

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यू बाट आ.ब. २०६४/०६५ को वार्षिक प्रतिवेदनको प्रस्तुति ।
२. लेखापरीक्षण प्रतिवेदन सहित २०६५ साल आषाढ मसान्तको वासलात र आ.ब. २०६४/०६५ को नाफा/नोक्सान हिसाव तथा नगद-प्रवाह विवरणमा छलफल गरी पारित गर्ने ।
३. आ.ब. ०६५/०६६ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण ।
४. संचालक समितिबाट सिफारिश भए बमोजिम लाभांश वितरण गर्ने स्विकृति ।
५. विविध ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

ज्ञानेश्वर, काठमाण्डौ

## प्रतिनिधि नियुक्त गर्ने फारम

..............................बस्ने म/हामी .............................. ले चिलिमे जलविद्युत कम्पनी लिमिटेडको शेयरधनीको हैसियतले मिति २०६५ साल चैत्र २७ गते विहिवार (अप्रिल ९, २००९) का दिन हुने बाह्रौं बार्षिक साधारण सभामा मेरो/हाम्रो प्रतिनिधित्व गरी भाग लिन .............................. बस्ने श्री .............................. लाई नियुक्त गरेको छु/छौं ।

प्रतिनिधि हुनेको

नाम :

दस्तखत :

ठेगाना :

शेयर प्रमाणपत्र नं. :

शेयर संख्या :

मिति :

प्रतिनिधि नियुक्त गर्नेको

नाम :

दस्तखत :

ठेगाना :

शेयर प्रमाणपत्र नं. :

शेयर संख्या :

मिति :

द्रष्टव्य : प्रतिनिधि नियुक्त गर्दा चिलिमे जलविद्युत कम्पनी लि.को शेयरधनी बाहेक अरुलाई गर्न पाइने छैन ।

---

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

## प्रवेश-पत्र

कम्पनीको मिति २०६५ साल चैत्र २७ गते विहिवार (अप्रिल ९, २००९) का दिन हुने बाह्रौं बार्षिक साधारण सभामा भाग लिन यो प्रवेश-पत्र जारी गरिएको छ ।

शेयरधनीको नामः

प्रमाण पत्र नं. :

शेयर संख्या :

कम्पनी सचिव

(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ ।)

# संचालक समितिको तर्फबाट अध्यक्षज्यूले बाह्रौं वार्षिक साधारण सभामा प्रस्तुत गर्नु हुने आ.ब. २०६४/०६५ को बार्षिक प्रतिवेदन

शेयरधनी महानुभावहरु

यस कम्पनीको १२ औं बार्षिक साधारण सभामा म यहाँहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु । म यस गरिमामय सभामा संचालक समितिको तर्फबाट आर्थिक बर्ष २०६४/०६५ को सञ्चालक समितिको प्रतिबेदन र सोही बर्षको लेखापरीक्षण भएका वित्तिय विवरणहरु सभा समक्ष स्वीकृतिको लागि प्रस्तुत गर्न गैरहेको छु । साथै यस अवसरमा यहाँहरु समक्ष यस कम्पनीले समिक्षा अवधिमा सम्पन्न गरेका कार्य सम्पादन बिवरणहरु संक्षिप्त रुपमा प्रस्तुत गर्न पाउँदा मलाई हर्ष र गौरवको अनुभुती भएको छ ।

## १. कम्पनीको पूँजी संरचना

कम्पनीको जारी पूँजी मध्ये देहाय बमोजिमको शेयर निष्काशन तथा विक्री गरी बाँडफाँड गरिने व्यवस्था गरिएको ब्यहोरा यहाँहरुलाई विदितै छ ।

- नेपाल विद्युत प्राधिकरण - ५१%
- कम्पनी तथा ने.वि.प्रा. का कर्मचारीहरु - २५%
- सर्वसाधारण - २४%

## २. सञ्चालक समितिः

नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत शेयर लगानी भएकोले ने.वि.प्रा. बाट सञ्चालक समितिमा जम्मा पाँच जना संचालक रहने व्यवस्था छ भने, २५ प्रतिशत शेयरवाला कर्मचारीको प्रतिनिधित्व गर्ने "ख" समूहबाट दुई जना सञ्चालक रहेकाछन् । सर्वसाधारणमा २४ प्रतिशत शेयर बिक्री वितरण गरे पछि "ग" समूहमा सर्वसाधारणको तर्फबाट दुई जना सञ्चालकहरु रहने व्यबस्था भए अनुसार जम्मा नौ जना सञ्चालक रहने प्रावधान छ । हाल सर्वसाधारणलाई शेयर निष्काशन गरी नसकेकोले जम्मा सात जना सञ्चालकहरु बाट कार्य सञ्चालन भईरहेको छ ।

नेपाल विद्युत प्राधिकरणबाट प्रतिनिधित्व गर्नु हुने संचालक डा. डम्बर बहादुर नेपाली २०६५/१/१ देखि लागू हुने गरी अनिवार्य अवकाश हुनु भएकोले सोही मितिबाट नै प्रवन्ध संचालक पद रिक्त रहन गएकोमा नेपाल विद्युत प्राधिकरणबाट संचालक पदमा मनोनयन गरिनु भएका प्रवन्धक श्री लिलानाथ भट्टराईलाई कम्पनीको मिति २०६५/०१/१७ को १३४ औं बैठकबाट प्रवन्ध संचालक पदमा नियुक्त गरिएको छ । ने.वि.प्रा. बाट संचालक पदमा प्रतिनिधित्व गर्नु हुने महाप्रवन्धक श्री बलराम श्रेष्ठ ने.वि.प्रा. को सेवाबाट अनिवार्य अवकाश हुन भएकोले उहाँको स्थानमा मिति २०६४/५/१३ देखि लागू हुने गरी महाप्रवन्धक डा. जिवेन्द्र झालाई संचालक पदमा मनोनयन गरिएको छ ।

आ. ब. २०६४/०६५ मा सञ्चालक समिति निम्नानुसार रहेको छ । यस अवधिमा संचालक समितिको बैठक २१ पटक बसेको थियो ।

| सि.नं. | आ.ब.२०६४/०६५ मा कार्यरत सञ्चालकहरु | पद | संचालकमा हेरफेर तथा परिवर्तन भएको कारण |
|---|---|---|---|
| १. | श्री अर्जुन कुमार कार्की | अध्यक्ष | यथावत |
| २. | श्री उत्तर कुमार श्रेष्ठ | सञ्चालक | यथावत |
| ३. | श्री दीपक प्रसाद उपाध्याय | सञ्चालक | यथावत |
| ४. | डा. श्री जिबेन्द्र झा | सञ्चालक | यथावत |
| ५. | डा. श्री डम्बर बहादुर नेपाली<br>श्री लिलानाथ भट्टराई | प्रवन्ध सञ्चालक | मिति २०६५/१/१ बाट अनिवार्य अवकाश<br>मिति २०६५/१/१७ बाट प्रवन्ध संचालक नियुक्त |
| ६. | श्री गोकर्ण प्रसाद शर्मा | सञ्चालक | समूह "ख" बाट निर्वाचित |
| ७. | श्री कुमार प्रसाद ओझा | सञ्चालक | समूह "ख" बाट निर्वाचित |